# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

पत्र संख्या:- २०७९/०८०

## नि:शुल्क जग्गा प्राप्ति सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति : २०७९/०५/१५*

मरिण बसपार्क निर्माण र मरिण कृषि केन्द्र स्थापनाको लागि जग्गा आवश्यक परेको हुँदा नि:शुल्क जग्गा दिन इच्छुक जग्गा धनीहरुले देहायका शर्तहरुको अधीनमा रहि यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र आवश्यक कागजात सहित सिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

देहाय

| क्र.सं. | योजना तथा कार्यक्रम | जग्गा उपलब्ध गराउनु पर्ने क्षेत्र/चार किल्ला | जग्गाको क्षेत्रफल | जग्गा प्राप्तिको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|
| १ | मरिण बसपार्क निर्माण | पूर्वमा- ठाँटी<br>पश्चिममा- नयाँ बस्ती<br>उत्तरमा- चारपाटे गाउँ/भगवती गाउँ/खोला<br>दक्षिणमा- मरिण खोला | कम्तीमा १५ कठ्ठा | नि:शुल्क | |
| २ | मरिण कृषि केन्द्र स्थापना | पूर्वमा- ठाँटी<br>पश्चिममा- भुताहा<br>उत्तरमा- चारपाटे गाउँ/भगवती गाउँ/खोला<br>दक्षिणमा- मरिण खोला | कम्तीमा ७ कठ्ठा | नि:शुल्क | |

❖ आवश्यक कागजातहरु:

१. निवेदन,
२. आ.व. ०७९/०८० को मालपोत तिरेको रसिदको प्रतिलिपि,
३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
४. जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि,
५. एकाघरका अंसियारको मञ्जुरीनामा पत्र,

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

❖ शर्तहरु:

१. मदन भण्डारी राजमार्ग अथवा राजमार्ग सँग जोडिएको शाखा सडकहरुको आसपास ८ मिटर सडकले छोएको जग्गा हुनुपर्ने, तर ८ मिटरको सडकले नछोएको भएमा जग्गा धनीले ८ मिटरको बाटो समेत अनिवार्य रुपमा खुलाउनु पर्नेछ। बाटोको कित्ताकाट गरी बाटो रजिष्ट्रेशन पास गरेपछि मात्र जग्गा रजिष्ट्रेशन गरिनेछ ।
२. दुई वा दुई भन्दा बढी जग्गाधनीले समेत मिलाएर जग्गा दिन सक्नेछन् ।
३. पेश हुन आएका प्रस्तावहरुको छानविन गरी प्राविधिक रुपमा उपयुक्त भए/नभएको वा लिने/नलिने निर्णय गाउँ कार्यपालिकाले गर्नेछ ।
४. जग्गा धनीले दिन चाहेको जग्गा गाउँपालिकाले निर्णय गरेपछि रजिष्ट्रेशन पास गरि दिनु पर्नेछ ।
५. नि:शुल्क जग्गा दिने जग्गादातालाई विशेष समारोह गरेर सम्मान गरिनेछ एवं निर्माण स्थलमा जग्गादाताको नामावली शिलालेखमा राखिनेछ ।